आज मिति २०७८।०५।२७ गते आइतबारका दिन यस हिलिहाङ गाउँपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७८/७९ को दोस्रो कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री भूवानी प्रसाद लिङदेन ……………………………………..........................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई ……………………………………..........................................

३. वडा अध्यक्ष : श्री गोपीकृष्ण भण्डारी ……………………………………........................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………......................................

५. का वा वडा अध्यक्ष : श्री नारायण खाती .......……………………………………...............................

६. कार्यवाहक वडा अध्यक्ष : श्री मेनुका देवी बजगाईं …………………….........................................

७. वडा अध्यक्ष : श्री लक्ष्मी प्रसाद सुहाङ ………………………………………………...............................

८. वडा अध्यक्ष : श्री कृष्ण ब. यवा ………………………………………………………...............................

९. वडा अध्यक्ष : श्री तिलबिक्रम ईधिङगो ……………………………………………….................................

१०. का पा सदस्य श्री कामुदा गुरुङ ……………………………………..........................................

११. का पा सदस्य श्री माया कन्दङवा ……………………………………..........................................

१२. का पा सदस्य श्री विष्णुकला उभरकोटी ……………………………………......................................

१३. का पा सदस्य श्री टिकाराम धमला …………………………………………………........................

१४. का पा सदस्य श्री दुर्गामाया परियार ………………………………………………….......................

१५. सदस्य सचिव श्री बिक्रम लिम्बु …………………………………………………….......................

**अन्य उपस्थिति :-**

१७. आर्थिक प्रशासन शाखा प्रमुख श्री सुवास भट्टराई.....................................................................

१८. योजना तथा प्रशासन शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना.........................................................

प्रस्तावहरु :-

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, आदेश, निर्देशन तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।
२. विधालय तथा पठनपाठन सञ्चालन सम्बन्धमा ।
३. कक्षा थपको अनुमति सम्बन्धमा ।
४. अमिन सेवा शुल्क निर्धारण सम्बन्धमा ।
५. लेखापाल रमाना सम्बन्धमा ।
६. वडा न ७ कार्यालय भवन मर्मत सम्भार सम्बन्धमा ।
७. आकष्मिक कार्यको भुक्तानी सम्बन्धमा ।
८. विविध

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हालसम्म प्राप्त भएका तपसिल अनुसारका निर्देशन, परिपत्र तथा मागहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्वारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त महत्वपूर्ण विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमद्वारा सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

| क्र स | पत्र पठाउने निकाय | पत्रको संक्षिप्त व्यहोरा | पत्राचार मिति |
|---|---|---|---|
| १ | राष्ट्रिय मानव अधिकार आयोग | आवश्यक जानकारी उपलब्ध गराईदिने | २०७८/०४/२२ |
| २ | पूर्वाधार विकास कार्यालय | २० % रकम जम्मा गरिदिने सम्बन्धमा | २०७८/०५/०३ |
| ३ | प्रदेश लगानी प्राधिकरण | आवश्यक सहयोग गरिदिनु हुन | २०७८/०४/१० |
| ४ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | किसान सुचीकरण कार्यक्रम संचालन सम्बन्धमा | २०७८/०५/१७ |
| ५ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ताप्लेजुङ | अलैंची जोनमा सूचीकृत हुने सम्बन्धमा | २०७८/०५/०७ |
| ६ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | आधारभूत अस्पताल निर्माण सम्बन्धमा | २०७८/०४/१२ |
| ७ | जिल्ला समन्वय समितिको कार्यालय पाँचथर | निर्णय कार्यान्वयन सम्बन्धमा | २०७८/०५/११ |
| ८ | संस्कृति पर्यटन तथा नागरिक उडडयन मन्त्रालय | रकम निकासा सम्बन्धमा | २ ०७८/०५/१७ |
| ९ | कोष तथा लेखा नियन्त्रक कार्यालय पाँचथर | रमाना गरी पठाई दिन हुन | २०७८/०५/०९ |
| १० | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | बार्षिक स्विकृत कार्यक्रम कार्यान्वयन सम्बन्धमा | २०७८/०५/२३ |
| ११ | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | नवीकरणीय उर्जा अभिमुखीकरण कार्यशालामा | २०७८/०५/२६ |

| | | | |
|---|---|---|---|
| | | उपस्थितिको लागि आमन्त्रण गरिएको सम्बन्धमा। | |
| १२ | नेपाल कानुन समाज | भर्चुअल छलफलमा सहभागिता बारे | २०७८/०५/१२ |
| १३ | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं १ | लागत साझेदारीमा उर्जा कार्यक्रम संचालन | २०७८/०५/२० |
| १४ | जिल्ला प्रशासन कार्यालय पाचथर | आवश्यक कारवाही गर्ने सम्बन्धमा | २०७८/०५/२५ |
| १५ | नेपाल सरकार लगानी बोर्डको कार्यालय | परियोजना क्षेत्रको निजी स्वामित्वमा रहेका जग्गा रोक्का गर्ने सम्बन्धमा | २०७८/०५/११ |
| १६ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | जनशक्ति विवरण उपलब्ध गराउने सम्बन्धमा | २०७८/०५/१० |

**निर्णय नं. - २**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ (कोरोना भाईरस) संक्रमणबाट सृजित लकडाउन (बन्दाबन्दी) का कारण लामो समयदेखि यस पालिका अन्तरगतका सबै सामुदायिक तथा संस्थागत विधालयहरुमा पठनपाठन अवरुद्व हुन गएको सन्दर्भलाई मध्यनजर गर्दै गाउँ शिक्षा समितिको सिफारिस तथा स्मार्ट लकडाउन कार्यविधि २०७८ लाई ध्यान दिदै मिति २०७८/०६/०१ गतेदेखि यस पालिका अन्तरगतका सबै सामुदायिक विधालय तथा संस्थागत विधालयहरुमा भौतिक रुपमा उपस्थित भई पठनपाठन सुचारु गर्न कोभिड १९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि २०७८ को खण्ड ८.१ अनुसूची १ बमोजिम शैक्षिक संस्था संचालनका सम्बन्धमा Soft Lock Down विधि अपनाई देहायनुसार पठनपाठन सूचारु अनुमतिका लागि DCMC समक्ष सिफारिस गर्ने निर्णय गरियो।

- स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै परिक्षा संचालन तथा कक्षा सञ्चालनमा उपयुक्त वैकल्पिक विधि अपनाई भौतिक उपस्थितिमा कक्षा संचालन गर्ने।
- बिधार्थी तथा शिक्षक लाई कोरोना संक्रमणको लक्षण देखिएमा विधालयमा भौतिक रुपमा उपस्थिति नगराई तूरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गराउने।
- एउटा कक्षामा २५ वा सो भन्दा कम बिधार्थी संख्या भए तीन भ को सिद्वान्त अपनाई सबै बिधार्थीहरुलाई पठनपाठन गराउने। २५ जना भन्दा बढी बिधार्थी संख्या भएमा आलोपालो गरी पठनपाठन गराउने।
- सम्बन्धित विधालय व्यवस्थापन समितिले स्मार्ट लकडाउन कार्यविधि २०७८ बमोजिम प्रत्येक हप्ता नियमित रुपमा विधालयको संक्रमण जोखिम मूल्याङकनमा सम्बन्धित निकायलाई सहजीकरण गर्ने।
- बिधालयहरुमा भौतिक रुपमा उपस्थित भई पठनपाठन सञ्चालन गर्दा तीन "भ" को सिद्वान्त (भिडभाड - भौतिक दुरी - भेन्टिलेशन) लाई ध्यानपूर्वक कार्यान्वयन गर्ने।
- बिधालय पठनपाठन शूरु भए पश्चात बीचमा कोरोना संक्रमण दरमा बृद्वि नभएको हकमा मिति २०७८ असोज २५ गतेसम्म पठनपाठन सूचारु गर्ने/गराउने । दशैं बिदा पश्चात पठनपाठनलाई नियमित रुपमा सञ्चालन गर्ने।

**निर्णय नं.- ३**

हिलिहाङ गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७८/०५/२६ गते बसेको बैठकको निर्णय एवम सिफारिस बमोजिम श्री सिंहपुर ईङलिस मिडियम बोर्डिङ स्कुलको कक्षा थपको अनुमति माग सम्बन्धमा प्रचलित शिक्षा ऐन तथा नियमावलीको अधिनमा रही शैक्षिक सत्र २०७८ बाट कक्षा ३ को पठनपाठन सञ्चालनको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं - ४**

गाउँपालिका क्षेत्रभित्र अमिन सेवा उपभोग गर्दा फिल्ड चेक दस्तुर देहायनुसार निर्धारण गर्ने निर्णय गरियो । कार्यपालिकाबाट भएको यस निर्णयलाई आगामी हिउँदे अधिवेशनबाट अनुमोदन गर्ने निर्णय समेत गरियो ।

| क्र स | जग्गाको क्षेत्रफल | दर्ता दस्तुर तथा शुल्क |
|---|---|---|
| १ | १ रोपनी सम्म | १०००।- |
| २ | १ देखी ५ रोपनी सम्म | १२००।- |
| ३ | ५ रोपनी देखी १० रोपनी सम्म | १५००।- |
| ४ | १० देखी २० रोपनीसम्म | २०००।- |
| ५ | २० रोपनी भन्दा माथी | ३०००।- |

**निर्णय नं. ५**

कोष तथा लेखा नियन्त्रक कार्यालय पाँचथरको चं नं २५ र मिति २०७८/०५/०९ गतेको पत्रानुसार यस कार्यालयमा काजमा कार्यरत लेखापाल श्री सुवास भट्टराई लाई तत्काल रमाना दिई पठाउने सम्बन्धमा यस कार्यालयको कर्मचारी संगठन संरचना अनुसार आर्थिक प्रशासन तर्फ लेखा अधिकृत १, लेखा सहायक पाँचौ १ र आन्तरिक लेखापरिक्षक १ समेत ३ जनाको दरबन्दी रहेकोमा लोकसेवा आयोगमा माग आकृति फाराम भरी पठाएकोमा विज्ञापनमा समावेश नभई पदपूर्ति हुन नसकेकोमा पुन प्रदेश लोकसेवा आयोगमा माग आकृति फाराम भरी पठाईएकोमा उक्त रिक्त दरबन्दीमा हालसम्म स्थायी पदपूर्ति हुन नसकेको तथा अन्य कुनै विकल्प पनि नदेखिएको कारण हाललाई कर्मचारी समायोजन नभएसम्मका लागि निजलाई रमाना नदिई यसै कार्यालयमै काजमै राख्ने सम्बन्धमा सम्बन्धित निकाय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

सल्लेरी सुभाङ पञ्चमी कालोपत्रे सडक निर्माणको क्रममा वडा न ७ को कार्यलय परिसर भत्कीन गई जिर्ण भएको हुँदा स्टमेट बमोजिम अमानतमा मर्मत सम्भार गरी आकस्मिक कोषबाट खर्च बेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

हिलिहाङ गाउँपालिका वडा न ४ स्थित पिपलडाँडा श्रीचम्पा मोटरबाटो खण्डमा मिति २०७८ भाद्र १५ गते अविरल वर्षाको कारण अत्यन्तै ठुलो ढुङगा आई विपद आउने जोखिमका कारण तत्कालै ढुङगा पन्छाउनु पर्ने अवस्था सृजना भएका कारण उक्त आकष्मिक कार्यमा भएको खर्च आकष्मिक कोषबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

- हिलिहाङ ७ निवासी श्री गणेश पन्थाकको घर अविरल वर्षाको कारण पूर्ण क्षति भई विस्थापित हुने अवस्था सृजना भएका कारण निजलाई आवश्यक सबै कागजातहरु पेश गर्न लगाई निजलाई राहत स्वरुप रु ३०००० (तीस हजार) प्रदान गर्ने निर्णय गरियो।
- हिलिहाङ ७ निवासी श्री कालीबहादुर श्रेष्ठको घर अविरल वर्षाको कारण घर भत्किएर पूर्ण रुपमा क्षति भएका कारण निजलाई प्रहरी सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस समेतका आधारमा राहत स्वरुप रु १०००० (दश हजार) प्रदान गर्ने निर्णय गरियो।
- हिलिहाङ ४ निवासी श्री गोपीनाथ सुवेदी को खुट्टा भाँचिई आर्थिक विपन्नताका कारण उपचारमा आर्थिक अभाव भएका कारण निजलाई आर्थिक सहायता स्वरुप रु २०००० (बीस हजार) प्रदान गर्ने निर्णय गरियो।